# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
# Women's Rehabilitation Center (WOREC)


*मितिः २०८१ जेष्ठ २३ गते*

## *विपद्को अवस्थामा महिलामाथि हुने हिंसा बढ्दो तर लैङ्गिक संवेदनशिल प्रतिकार्य खै ??*

## *लैङ्गिक हिंसा सम्बन्धि प्रादेशिक प्रेस विज्ञप्ती (कर्णाली प्रदेश), २०८१*


कुनैपनि विपद्को समयमा महिला तथा किशोरीमाथि हुने लैङ्गिक हिंसाको जोखिम बढ्दछ किनभने यस अवस्थामा विद्यमान संरचनात्मक विभेद, असमान शक्ति सम्बन्ध र असमानता अझ फराकिलो बन्दै जान्छ । सहयोगी संयन्त्र, सेवा तथा संप्रेषण प्रणाली अवरुद्ध हुनाले विपद्को समयमा हिंसा प्रभावितको सेवा तथा न्यायको पहुँचमा अवरोध पैदा हुन्छ जसले प्रभावितलाई थप जोखिमता सिर्जना गर्दछ । त्यसैले महिला पुनर्स्थापनाकेन्द्र (ओरेक) ले दशकौं देखि **स्नेह अभियान** मार्फत अधिकारमुखी अवधारणा र महिलावादी दृष्ट्रिकोण सहितको विपद् प्रतिकार्य सेवा प्रदान गर्नुका साथै विपद् व्यवस्थापनमा महिलाको नेतृत्व विकास सम्बन्धी अभियान सञ्चालन गरिरहेको छ । यसै शिलशिलामा २०८० कार्तिक १७ गते अर्थात् नोभेम्बर ०३ मा जाजरकोट केन्द्रविन्दु बनाएर गएको ६.४ म्यग्निच्युटको भूकम्प पश्चात् ओरेकले जाजरकोट र रुकुम जिल्लाका बिभिन्न पालिकाहरुमा ८ वटा स्नेह केन्द्र सञ्चालन गरेको छ । "प्रभावित देखि परिवर्तनको संवाहक सम्म" भन्ने मुल मर्मलाई आत्मसात गर्दै ओरेकले स्नेह केन्द्र मार्फत विपद् तथा हिंसा प्रभावित महिलालाई केन्द्रमा राखेर मनोविमर्श, आवास, खाद्यान्न, संप्रेषण, स्वास्थ परामर्श जस्ता सेवा प्रदान गर्नुका साथै स्नेह केन्द्रलाई महिलाको सुरक्षित स्थलको रुपमा विकास गरी नेतृत्व तथा आन्तरिक स्रोतको विकासमा सहजिकरण गरिरहेको छ । यस क्रममा २०२४ जनवरीदेखि अप्रिल महिनासम्म महिलामैत्री स्थल (जाजरकोट र रुकुम) बाट कूल १०९ महिला हिंसाका घटना तथ्याँक संकलन भएको छ ।

### क) महिला हिंसाको प्रकार





Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org


### ख) उमेरको आधारमा महिला हिंसाको स्वरुप




### ग) प्रभावित र पीडक विचको सम्बन्ध



### घ) प्रभावितको जातीयता




### ङ) प्रभावितलाई परेको असर




ओरेकले गरेको अभिलेखिकरणका आधारमा भूकम्प प्रभावित क्षेत्रका ७८ प्रतिशत अर्थात् ८५ वटा घरेलु हिंसाका घटना छन् भने क्रमशः ६ प्रतिशत (७ वटा) सामाजिक हिंसा, ६% (६) वटा वैवाहिक बलात्कार, ४ प्रतिशत (४ वटा) यौन दुर्व्यवहार र ०.९% (१ वटा) बालविवाहको घटना दर्ता भएका छन्। साथै १२ प्रतिशत अर्थात् (१३ जना) हिंसा प्रभावित बालिकाहरु १८ वर्ष भन्दा कम उमेरका रहेका र ६३ प्रतिशत हिंसाका पीडक प्रभावितको श्रीमान् र १६ प्रतिशत (१७ वटा ) हिंसाका घटना परिवारका अन्य सदस्यबाट भएको पाइएको छ । विपद्को अवस्थामा सामुदायिक सहयोग संयन्त्र तथा हिंसा प्रतिकार्य सेवा

अवरुद्ध भएको अवस्थामा परिवार नै बढी असुरक्षित बन्दा भावनात्मक तथा मनोवैज्ञानिक असर तथा सुरक्षाको जोखिम थप हुने गर्दछ। संकलित तथ्यांक नियाल्ने हो भने पनि महिलामाथि हुने हिंसाका घटनाले प्रभावितलाई विभिन्न पक्ष अर्थात् ८५% मा मानसिक , ६८ % मा शारीरिक , ७३% मा सामाजिक तथा ७१% मा आर्थिक पक्षमा असर पुर्याएको पाइएको छ । यसैगरी प्रभावितको जातीयता नियाल्ने हो भने पनि दलित समुदायमा नै हिंसाका घटनाहरु ४० % अर्थात् ४४ जना प्रभावित पहाडे दलित रहेको पाइएको छ।

*रुकुम पश्चिमकी २९ बर्षिय सम्झना (नाम परिवर्तन) को १४ बर्षको उमेरमा नै परिवारले विवाह गरिदिए । श्रीमान्ले विवाह गरेको ३/४ महिना नपुग्दै रक्सी पिउने, घरमा आएर कुटपिट गर्ने र गाली गलौज गर्न थाले । छोरीहरुको पालन पोषण रेखदेखको जिम्मेवारी पनि आफै लिनु पर्ने र श्रीमान्बाट कुनै साथ सहयोग नभएकोले उनले जीवनमा विवाहका १५ वर्ष निकै कष्टपूर्ण गरी बिताइरहेकी थिइन् । उनलाई भुकम्पले झन ठूलो पिर थपेको छ । उनी भन्छिन् "पहिला श्रीमान्सँग झगडा हुँदा घरको अर्को कोठामा जान्थे, गाली गलौज गरेको पनि सुनिदैन थियो, श्रीमान्ले पिट्दा अर्को कोठामा गएर पिटाईबाट खानबाट पनि जोखिन्थे र रातमा केहि घण्टा भए पनि सजिलो गरी सुत्थें तर अहिले भुकमपले बस्ने घर सबै भत्काएकाले दुबै सँगै बस्नुपर्ने बाध्यता छ, अहिले तश्रीमान्ले पिट्दा सुरक्षित भएर बस्ने ठाउँ पनि भएन । अहिले निर्धक्क भएर निदाउने दिन कहिले आउला भन्ने लाग्छ ।"*

यो एक प्रतिनिधीमुलक घटना मात्र हो जसले विपद् पश्चात्को समयमा महिला माथि हुने हिंसाको जोखिमको वास्तविक स्वरुपलाई प्रष्ट चित्रण गरेको छ । यद्यपी समाजमा यस्ता धेरै हिंसाका घटना छन् जुन प्रभावितमैत्री वातावरण, संवेदनशिल सहयोगी संयन्त्र, न्याय तथा सुचनाको पहुचँ नहुनुका साथै, प्रभावितलाई नै दोष लगाउने प्रवृत्ति तथा महिलाको शरीरलाई इज्जतसँग जोडेर हेर्ने सोच आदि कारणले गर्दा परिवार तथा समाजमा नै लुकेको स्थिति छ । महिलाको शरीरलाई सम्पत्ती ठान्ने र शक्तिविहिन दोस्रो दर्जाको नागरिकको रुपमा हेर्ने कारणले महिला तथा किशोरी विपद्को समयमा मात्र नभएर अन्य अवस्थामा पनि महिलाहरु हिंसाको जोखिममा छन् । यद्यपी विभिन्न तथ्याङ्कहरुले विपद् तथा विपद् पश्चात्को समयमा यसप्रकारको जोखिम अझ बढेको पुष्टि गर्दछ । ओरेकले कोभिड महामारीको समयमा गरेको अभिलेखिकरणले पनि महिलामाथि हुने हिंसे बृद्धि भएको नै देखाउँदछ । यद्यपि लैङ्गिक हिंसा प्रतिकार्य सेवालाई विपद्को समयमा आपत्कालीन सेवाको रुपमा संस्थागत नहुनु र मनोविमर्श सेवा तथा यौन तथा प्रजनन् स्वास्थ्य सेवालाई अनिवार्य रुपमा राहत प्याकेजमा नसमेटिएको तितो वास्तविकता विद्यमान छ। त्यसकारणले महिला माथि हुने हिंसाको जोखिम न्युनिकरण गरी महिलाको लागि सुरक्षित वातावरण निर्माण र आवश्यक सेवा प्रदान गर्न महिलावादी विपद् प्रतिकार्य आवश्यक हुन्छ। जसका लागि विपद् व्यवस्थापनको चक्रमा अन्तर्विविधतालाई संबोधन गरीयोजना निर्माण, निर्णायक प्रकृया, तथा कार्यन्वयनको प्रकृयामा महिलाको नेतृत्व सुनिश्चित गर्न जरुरी छ। साथै, विपद् प्रतिकार्य भन्नाले तत्कालिन राहत वितरण मात्र नभई महिला तथा सिमान्तकृत समुदायको प्रतिरोध क्षमता विकास, हिंसा तथा जोखिममुक्त वातावरण र मर्यादित रुपमा पुनर्स्थापनाको अधिकार पनि हो भन्ने यथार्थ सम्पुर्ण

सरोकारवाला तथा सेवा प्रदायकले मनन गर्न अत्यावश्यक छ । यसकारणले विपद्को अवस्थामा महिला तथा किशोरी माथिहुने हिंसाको जोखिम न्युनिकरण गर्न र आवश्यक लैङ्गिक हिंसा प्रतिकार्य सेवामा पहुँच अभिवृद्धि गर्नका लागि तथ्यमा आधारित आवश्यकता पहिचान र योजना निर्माण, महिलालाई प्रभावित समुदायका रुपमा मात्र नलिई महिलाको नेतृत्वको अधिकार सुनिश्चित गर्ने नीतिगत संयन्त्र विकास तर्फ सम्बन्धित निकायको ध्यान आकर्षण हुन जरुरी छ। साथै, विपद् व्यवस्थापन तथा जोखिम न्युनिकरण तथा संरक्षणका सम्पुर्ण संयन्त्रहरुको प्रभावकारिता विश्लेषण गरी आवश्यक संयन्त्र निर्माण र संस्थागत प्रणाली सुदृढिकरण गर्न आवश्यक छ।

**सुनिता मैनाली**
**कार्यकारी निर्देशक**

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org